# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, फागुन २८ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(ट)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (तेश्रो संशोधन) आदेश, २०७७

खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (तेश्रो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को दफा ३ मा संशोधनः खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को,- (१) उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) डोटी, बाजुरा, बझाङ्ग र अछाम जिल्लामा स्थायी बसोबास भएका राष्ट्रिय वा प्रादेशिकस्तरमा ख्याति प्राप्त प्रदेश सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) खप्तड क्षेत्रको विकासमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारबाट मनोनीत डोटी, बाजुरा, बझाङ्ग र अछाम जिल्लाका एक/एक जना व्यक्ति - सदस्य

(ग) पर्यटन व्यवसायमा संलग्न प्रदेश सरकारबाट मनोनीत एक जना महिला
- सदस्य

(घ) कार्यालय प्रमुख, खप्तड राष्ट्रिय निकुञ्ज
- सदस्य

(ङ) कार्यकारी निर्देशक - सदस्य-सचिव"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) समितिले डोटी, बाजुरा, बझाङ्ग र अछाम जिल्लाका प्रदेश सभाका सदस्यहरु तथा जिल्ला समन्वय समितिका प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

३. <u>मूल आदेशको दफा ८ मा संशोधनः</u> मूल आदेशको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) समितिको खाता कार्यकारी निर्देशक र लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।"

४. मूल आदेशको ठाउँ-ठाउँमा रहेका "कार्यकारी अधिकृत" भन्ने शब्दहरुको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरु कायम गरिएका छन् ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७७।११।२८

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-